मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १०७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ फागुन २१ गते शुक्रवार (Friday, March 5. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

यस Best future मन्टेश्वरी तालिम केन्द्रमा मन्टेश्वरी तालिमका एकहप्ता, दुई हप्ता, एक महिना र तीन महिनामा हुने विभिन्न कोर्षहरुमा मन्टेश्वरीको तालिम लिई आफूलाई उत्कृष्ट बनाई रोजगारीको सुनिश्चतता गर्नुहोस् ।

तालिममा उत्कृष्ट हुने १५ जनालाई रोजगारीको पूर्ण ग्यारेन्टी गरिनेछ । *नोटः तालिमका कक्षाहरु फागुन २३ गते आइतबारबाट सञ्चालन हुनेछ । साथै यस स्कुलमा कक्षा PG देखि U.K.U. सम्मका नानीहरूका लागि भर्ना खुलेको समेत जानकारी गरिन्छ ।*

सम्पर्क : ९८४५२५५७२५, ९८४१८५७४४७, ०२३-५४२६४७

**Best Future Montessori School & training center,** Birtamod–06


## ‘सरकार आगलागी पीडितको साथमा छ’



**ताप्लेजुङ, फागुन २०।** प्रदेश नं. १का मुख्यमन्त्री शेरधन राईले ताप्लेजुङको दोभानका आगलागी पीडितको पुनःस्थापनामा सरकारले सक्दो सहयोग गर्ने बताएका छन् ।

आगलागी क्षेत्रको अवलोकन तथा निरीक्षणपछि विहीवार राहत वितरण कार्यक्रममा उनले तीनवटै तहका सरकार पीडित परिवारको साथमा रहेकाले ढुक्क हुन आग्रह गरे । उनले आगलागीले घरसहितका सम्पत्ति गुमाएका र डेरा गरी बसोबास गरेका परिवारको पुनःस्थापना तथा दीर्घकालीन व्यवस्थापनका लागि सबै तहका सरकारले आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

आगलागी पीडितले राखेका मागलाई सम्बोधन गर्ने आश्वासन दिँदै उनले थप आवश्यकता र सहयोगको खाँचो भए जिल्ला प्रशासनका साथै स्थानीय सरकारमार्फत आफ्ना माग समेटेर प्रदेशमा पठाउन आग्रह गरे ।

आगलागी पीडित परिवारले दोभान बजारलाई थप व्यवस्थित बनाउन आवश्यक भौतिक संरचनाको विकासका साथै पुनःस्थापना र व्यापार व्यवसाय सञ्चालनका लागि सहुलियत ऋण उपलब्ध गराउन माग गरेका थिए । यस्तै नष्ट भएका सामानमा लाग्ने कर मिनाहा गरिदिन माग गरिएको छ ।

यता प्रदेश सरकारकातर्फबाट तत्कालका लागि चामल, नुन, तेल, दाललगायत खाद्यान्न सामग्री वितरण गरिएको छ । उक्त सामग्री मुख्यमन्त्री राईले आगलागी पीडितलाई हस्तान्तरण गरेका थिए ।

यस्तै आगलागीबाट घर पूर्ण क्षति भएकाप्रति परिवारलाई नगद रु. ५० हजार र डेरा गरी बसेका परिवारलाई नगद रु. ३० हजार आर्थिक सहायता

*(बाँकी अन्तिम पृष्ठमा)*

# सरकार र विप्लव समूहबीच तीन बुँदे सहमति

**झापा, फागुन २०।** सरकार र प्रतिवन्धित बिप्लव समूहबीच तीन बुँदे सहमति भएको छ। सहमतिसँगै अर्ध भूमिगत रुपमा राजनीति गरिरहेको विप्लव समूह शान्ति प्रक्रियामा आएको छ ।

अर्ध भूमिगत रुपमा रहेको विप्लव समूहले एनसेल टावरसहित विभिन्न संघ-संस्थामा वम विष्फोट, व्यक्ति हत्या, लगायतका हिंसात्मक गतिविधि सञ्चालन गर्दै आएको थियो । हिंसात्मक गतिविधि गरेको भन्दै सरकारले दुई वर्ष अघि विप्लव समूहलाई प्रतिवन्ध लगाउँदै पक्राउ गर्ने क्रमलाई तीव्र वनाएको थियो । नेपाल कम्युनिष्ट पार्टी नेकपामा फुटको स्थिति आएसँगै प्रधानमन्त्री केपी शर्मा ओली विप्लव समूहप्रति नरम रुपमा प्रस्तुत भएका थिए ।

शान्ति पूर्ण राजनीति गर्ने सहमतिसहित विहीवार भएको सहमतिपछि विप्लव समूह शान्तिपूर्ण राजनीतिमा आउने भएको हो । हाल तीन वटा बुँदालाई मात्र सार्वजनिक गरिए पनि विस्तृत जानकारी फागुन २१ गते हुने सभामा प्रधानमन्त्री ओली र विप्लव समूहका महासचिव नेत्र विक्रम चन्द विप्लवले सार्वजनिक गर्ने बताइएको छ ।

बिहीबार बिहान विप्लवकातर्फबाट खड्गबहादुर विश्वकर्मा, उदय चलाउने र सरकारकातर्फबाट गृहमन्त्री रामबहादुर थापा र राजन भट्टराईबीच



३ बुँदे सहमति भएको थियो । दुई पक्षबीच भएको सहमतिअनुसार राजनीतिक विषयको समाधान वार्ताबाट गर्ने, विप्लव पक्षले शान्तिपूर्ण राजनीतिक गतिविधि सञ्चालन गर्ने, सरकारले लगाएको प्रतिबन्ध हटाउने, सम्पूर्ण बन्दीको रिहाइ र मुद्दा खारेज गर्ने, फागुन २१ गते विशेष समारोहका बीच प्रधानमन्त्री केपी ओली र विप्लवले संयुक्त रुपमा सम्बोधन गर्ने रहेको छ ।

सरकारले विप्लवका नेता, कार्यकर्ता पक्राउ नगर्न निर्देशन दिइसकेको छ भने प्रतिबन्ध फुकुवा गरिसकेको छ । आफैंले प्रतिबन्ध लगाएका प्रधानमन्त्रीले राष्ट्रिय सभागृहमा समारोह राखेर आफैंले फुकुवा गरेको घोषणा गर्दैछन् । नेत्रविक्रम चन्द ‘विप्लव’ समूहका १ सय ४४ जना नेता-कार्यकर्ता अहिले जेल र हिरासतमा छन् । सो समूह र सरकारबीचको तीन बुँदे सहमतिको एउटा बुँदामा लेखिएको छ- ‘सम्पूर्ण बन्दीको रिहाइ र मुद्दा खारेजी ।’

सरकारले प्रतिबन्ध लगाएपछि २ हजार ९८ जना विप्लवका नेता कार्यकर्तालाई प्रहरीले पक्रेको थियो । तीमध्ये, अहिले १ सय २६ नेता जेलमा र १८ जना प्रहरीको हिरासतमा थुनिएका छन् ।

*(बाँकी अन्तिम पृष्ठमा)*

### ४८औं सुखानी दिवस

## ‘गुटगत स्वार्थ’ले ओझेलमा

**झापा, फागुन २०।** वि.सं. २०२९ फागुन २१ गते सुखानीको जंगलमा हत्या गरिएका शहीदहरूलाई सत्तारूढ नेकपाको ओली र प्रचण्ड-माधव समूहले गुटगत स्वार्थको अस्त्र बनाउन खोजेका छन् ।

शुक्रवार ४८औं सुखानी दिवस परेको छ । दिवसका दिन केपी शर्मा ओली समूह र पुष्पकमल दाहाल-माधवकुमार नेपाल समूहका नेकपा कार्यकर्ताहरूले छुट्टाछुट्टै श्रद्धाञ्जलिसभाको आयोजना गर्न लागेको जानकारी प्राप्त भएको छ ।

भूमिगत कम्युनिस्ट पार्टीका तत्कालीन मेची-कोशी को-अर्डिनेसन कमिटीबाट विद्रोह गरेर बनेको को-अर्डिनेसन कमिटी झापाले वर्ग शत्रु खतम अभियान र तत्कालीन पञ्चायती दमनको बिरुद्ध मोर्चाबन्दी गरी झापा विद्रोह गरेको थियो । सो विद्रोहमा सहभागी भएको आरोपमा पक्राउ परेका पाँच जना योद्धालाई चन्द्रगढी कारागारबाट इलाम कारागार सार्ने बहानामा २०२९ फागुन २१ गते सुखानीको जंगलमा लगेर हत्या गरिएको थियो ।

पञ्चायती शासकले झापा बिद्रोहका योद्धाहरू नेत्र घिमिरे, कृष्ण कुइँकेल, वीरेन राजवंशी, नारायण श्रेष्ठ र रामनाथ दाहाललाई इलाम र झापाको सीमानामा पर्ने दानावारीस्थित सुखानीमा हत्या गरेको थियो । घिमिरे, कुइँकेल र श्रेष्ठ गरामनी, दाहाल चारपाने तथा राजवंशी ज्यामीरगढीका बासिन्दा थिए । उनीहरूलाई हत्या गरिएकै स्थानमा अहिले शहीदकै संख्याका पाँच रुख र पूर्ण कदको शालिक बनाइएको छ ।

**अर्जुनधारामा बिदा**

झापाको अर्जुनधारा नगरपालिकाले आज शुक्रबार नगरपालिकाभित्र स्थानीय बिदा दिएको छ ।

फागुन २१ अर्थात् ४८औं सुखानी दिवसको अवसरमा नगरपालिकाले स्थानीय बिदा दिएको मेयर हरि रानाले हस्ताक्षर गरेको सूचनामा उल्लेख छ ।

शुक्रबार नगरपालिका अन्तर्गतका सबै कार्यालयहरू बन्द रहने जनाइएको छ । झापाको खुदुनाबारी र इलामको दानाबारी नजिकैको सुखानी जंगलस्थित सुखानी पार्कमा ४८औं सुखानी दिवस अवसरमा श्रद्धाञ्जलिसभा आयोजना गरिएको छ ।

**माई नगरपालिकामा स्थानीय बिदा**

इलाम इलामको माई नगरपालिकाले

*(बाँकी अन्तिम पृष्ठमा)*

## सामुदायिक वनमा बन्दुक फेला

**झापा, फागुन २०।** जामुनवारी सामुदायिक वन क्षेत्रभित्र एक थान भरुवा बन्दुक फेला परेको छ ।

वन समूहको नियमित गस्ती टोलीलाई देखेपछि शिकारीको समूह बन्दुक छाडेर भागेको हुनसक्ने वन समूहले जनाएको छ । भेटिएको उक्त बन्दुक इलाका प्रहरी कार्यालय सुरुङ्गालाई बुझाइएको छ ।

बरामद बन्दुकको मुचुल्का बनाएर जिल्लामा बुझाइएको इलाका प्रहरी कार्यालय सुरुङ्गाका प्रहरी नायव निरीक्षक उदयसम्शेर राणाले बताए ।

पछिल्लो समय सरकारले उक्त क्षेत्रलाई सुरक्षित बन्यजन्तुको बासस्थानका रुपमा विकसित गरेसँगै जंगलमा बाघ, बँदेल, हरिण, खरायो जस्ता जीवजन्तुहरुको संख्या बढेको छ ।


## पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा फागुन २४ गते सोमबारका दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासू पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर, बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

## नि:शुल्क ! नि:शुल्क !! नि:शुल्क !!!

सम्पुर्ण आयुर्वेदिक औषधि तथा डाक्टर जाँच निशुल्क

साथै 30% क्षारसुत्र र 20% छुट रगत जाँचमा ।

अन्य जानकारीको लागि फोन नं. ०२३-५९०१६६/९८०६०००३१३

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर अष्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड**

## डाक्टर आउने बारेको सूचना

**डा. पवन पराजुली** NMC NO. 7465

**MBBS (BPKIHS) Dharan**

MD फिजिसियन (PGI Chandigarh) India

**DM Gastroentrology (IOM TUTU KTM)**

ग्याष्ट्रो एण्ड हेपाटोलोजी

**यसपटक यही फागुन २२ गते शनिवार पेट, आन्द्रा, कलेजो, प्याङ्क्रियाज रोग विशेष**

सम्पर्कः **कान्तिपुर मेडिसिन सेन्टर**

अन्दुवा पुल छेऊ, बिर्तामोड (०२३-५४२८४५)

## कर्मचारी आवश्यकता

एक प्रतिष्ठित कम्पनीका लागि एक जना एकाउन्टेन्टको आवश्यकता परेको हुँदा शैक्षिक योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आफ्नो वायोडाटासहित तु-सम्पर्क गर्नुहोला ।

**आवश्यक कागजातहरुः**

- नेपाली नागरिकताको प्रतिलिपि, २ प्रति फोटो
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- एकाउन्ट सम्बन्धी ज्ञान भएको (ट्याली चलाउन जान्ने)
- तलबः कम्पनीको नियम अनुसार (आकर्षक)

**सम्पर्कः ९८५२६२१०७४**

(Email: newmarketacoalsupplier@gmail.com)

## रोयल कोल्ड स्टोरेज प्रा.लि.

बिर्तामोड-१ झापाको

## अत्यन्त जरुरी सूचना

यस कोल्ड स्टोरेजमा यस बर्ष अत्यधिक धेरै चालू लगायतका कृषिजन्य उत्पादन भण्डारण गर्नका लागि आएकोले हाल भण्डारण क्षमता पूरा भई यसपछि आएका सामग्री भण्डारण गर्न नसकिने भएको हुनाले सम्पूर्ण कृषक, कृषक समूह, व्यापारी–व्यवसायी लगायतलाई अर्को सूचना प्रकाशित नभएसम्म कृषिजन्य सामग्री नल्याइदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सम्पर्कः ०२३–५४१९३३/ ९८५२६८२५७७**

## हार्दिक बधाई तथा शुभकामना



काबेली सिमेन्ट इन्डस्ट्रिज प्रा.लि. झापाका अध्यक्ष, सफल व्यवसायी, युवा समाजसेवी, आदरणीय व्यक्तित्व **श्री अर्जुनकुमार मैनाली** बिर्तामोड उद्योग वाणिज्य संघको यही फागुन १६ गते सम्पन्न चुनावबाट गरिमामय महासचिव पदमा निर्वाचित हुनुभएकाले उहाँ लगायत सम्पूर्ण विजयी पदाधिकारी तथा सदस्यहरूलाई सफल कार्यकालको शुभकामनासहित हार्दिक बधाई ज्ञापन गर्दछौं ।

**निश्चल मैनाली** निर्देशक — **डिल्लीराम मैनाली** निर्देशक — **सुमन मैनाली** प्रबन्ध निर्देशक

एवम् **सम्पूर्ण शेयर सदस्य तथा कर्मचारी परिवार**

**काबेली सिमेन्ट इन्डस्ट्रिज प्रा.लि. झापा,** झापा, प्रदेश नं. १, नेपाल

## VACANCY ANNOUNCEMENT

**GREEN FIELD WORLD SCHOOL, Birtamode-1, Jhapa**

**The School invites applications from qualified and highly motivated applicants for the following posts.**

| Post | Level | No. Of Vacancy | Qualification | Experience |
|---|---|---|---|---|
| Pre-Primary | Kinder Garten | 01 | Montessori Trained with Bachelors Degree | 3 years |
| Nepali | L. Secondary | 01 | Bachelors Degree | 3 years |
| Computer | L. Secondary | 01 | BCA | 2 years |
| Social Studies | L. Secondary | 01 | Bacherlors Degree | 3 years |
| Social Studies | Secondary | 01 | Bachelors Degree/ (Master's Perferred) | 5 years |
| Science | L. Secondary | 01 | Bachero's Degree | 3 Years |
| Science | Secondary | 01 | Bachelors Degree/ (Master's Perferred) | 5 years |

**Note:** Mandatory requirements include Knowledge of computer and excellent English language proficiancy.

- All the interested candidates who fulfill the above-mentioned criteria may drop their CVs personally or via mail within 26/11/2077.

**Email: greenfieldworldschool@gmail.com**

**Phone No: 023-542208, 9824038538**

Principal

## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरू**

– बैंक नोट वा सिक्का जलाउने, गाल्ने–च्यात्ने वा बैंक नोटमा लेख्नेलाई तीन महिनासम्म कैद र पाँच हजार रुपैयाँसम्म जरिवाना हुने,

– अनुमति बिना कसैको तस्वीर खिचेमा वा निजको तस्वीरसँग अरु कसैको तस्वीर राखी अर्को तस्वीर बनाएमा एक वर्षसम्म कैद वा दश हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने,

– एकको तस्वीरको केही भाग अर्को व्यक्तिको अर्को भागसँग राखी वा अन्य कुनै किसिमले विकृत रुपमा तस्वीर बनाएमा दुई वर्षसम्म कैद वा बीस हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

# पत्रकार महासंघ इलामका लागि दुई समूहको छुट्टाछुट्टै उम्मेदवारी


सुजन तिम्सिना


विप्लव भट्टराई

**गणेश अर्याल**

**इलाम, फागुन २०।** नेपाल पत्रकार महासंघको आसन्न निर्बाचनको लागि इलाममा अध्यक्ष पदमा दुई जनाले उम्मेदवारी घोषणा गरेका छन् ।

नेपाल प्रेस युनियबाट विप्लब भट्टराई र प्रेस संगठन नेपालका सुजन तिम्सिनाको उम्मेदवारी घोषणा भएको हो। प्रचण्ड-माधब निकट प्रेस संगठन इलामले पत्रकार महासंघ इलामको आगामी निर्बाचनमा अध्यक्ष पदको लागि तिम्सिनालाई उम्मेदवार बनाउने निर्णय गरेको हो ।

बिहीबार इलाममा बसेको जिल्ला समितिको बैठकले तिम्सिनालाई अध्यक्षको उम्मेदवार बनाउँदै अन्य पदको लागि सहमति गर्ने निर्णय गरेको अध्यक्ष पदका उम्मेदवार तिम्सिनाले बताए। यसअघि बिहीबार नै प्रचण्ड निकट पत्रकारहरुको भेला सदरमुकाम इलाम बजारमा सम्पन्न भएको थियो ।

भेलाले जिल्ला कमिटीलाई पूर्णता दिएको छ भने आसन्न पत्रकार महासंघ इलामको निर्बाचनको लागि अन्य संगठनसँग समन्वय गर्न समिति गठन भएको छ। रमेश पराजुलीको अध्यक्षतामा नमिन ढकाल, बुद्धमाया सोङ्मी र राजकुमार दाहाल सदस्य रहेको चार जनाको संबाद समिति गठन भएको छ।

त्यसैगरी जिल्ला कमिटीको जिल्ला कार्य समिति ६ जना थप गरेर ३७ जनाको बनाएको बताइएको छ ।

यस अघि नेपाली कांग्रेस निकट नेपाल प्रेस युनियनले बिप्लब भट्टराईलाई अध्यक्ष पदको उम्मेदवार घोषणा गरिसकेको छ। इलाममा उम्मेदवारी घोषणा भएको दुबैको बहुमत सदस्य भने नरहेकोले अन्य संघ-संगठनसँग सहकार्य अनिबार्य रहेको छ।

# ‘रेमिट्यान्स दुरुपयोग’ले बढाउँदै सम्बन्धविच्छेद

**झापा, फागुन २०।** बागलुङ जिल्लामा बर्सेनि सम्बन्धविच्छेदका घटना बढ्दै गएको छ। जिल्ला अदालत बागलुङमा परेका मुद्दा र फैसलाको तथ्याङ्कअनुसार सम्बन्धविच्छेद पछिल्लो समय बढ्दो क्रममा देखिएको छ ।

वि.सं. २०७४मा नयाँ मुलुकी संहिता लागू भएपछि सम्बन्धविच्छेदका जटिलतामा धेरै सहजता आएको छ। पछिल्लो समय महिला या पुरुषमध्ये कुनै एक पक्षले चाहे अदालतमा सम्बन्धविच्छेद मुद्दा दर्ता गर्नसक्ने व्यवस्था छ। यसैकारण पनि महिला र पुरुष दुवैले सम्बन्धविच्छेद गर्ने क्रम बढेको अदालतले जनाएको छ ।

जिल्ला अदालत बागलुङमा चालु आर्थिक वर्ष २०७७/०७८को सात महिनासम्म ११६ सम्बन्धविच्छेदका मुद्दा दर्ता भएको जिल्ला अदालत बागलुङका स्रेस्तेदार सूर्यप्रसाद भण्डारीले जानकारी दिए। कोरोना भयावहका कारण लामो समय अदालती सेवा बन्द हुँदा पनि यस वर्ष ११६ सम्बन्धविच्छेदका मुद्दा परेको उहाँको भनाइ छ।

अघिल्लो आर्थिक वर्ष २०७६/०७७ मा सम्बन्धविच्छेदका १८६ मुद्दा दर्ता भएका थिए। यो आवमा गत वर्ष सरी आएको महिलाबाट दर्ता भएका ३२ र पुरुषबाट दर्ता भएका ४० गरी ७६ सम्बन्धविच्छेदका घटनामध्ये पुरुषद्वारा दर्ता गरिएका २२ र महिलाबाट दर्ता गरिएका १८ गरी ४० मुद्दा फछ्र्योट गरिएको छ। चालीस सम्बन्धविच्छेदका घटनामा अझै फैसला हुन बाँकी छ। यो आवको फागुन १८ गतेसम्म दर्ता भएका सम्बन्धविच्छेदका ११६ मुद्दामध्ये महिलाबाट ९४ मुद्दा दर्ता भएका छन् भने पुरुषबाट २२ मुद्दा दर्ता भएका छन्। तीमध्ये महिलाले दर्ता गरेका ६८ मुद्दामा मिलापत्र गरिएको छ भने पुरुषले दर्ता गरेका आठ मुद्दामा मिलापत्र गरिएको छ।

पछिल्लो समय वैदेशिक रोजगार, रेमिट्यान्सको दुरुपयोग, बढ्दो सामाजिक सञ्जालको प्रयोग, महिलामा हिंसा, अन्याय सहनु हुन्न भन्ने सोच, चेतना र जागरणको विकास भएकाले सम्बन्धविच्छेदका घटना बढ्दै गएको जिल्ला अदालत बागलुङका न्यायाधीश वासुदेव न्यौपानेले बताए। युवा विवाह गरेर विदेश जान्छन्, श्रीमतीलाई बजारमा बसाउने प्रचलन बढ्दो छ, उनीहरुले शहरमा विलासी जीवन बिताउन चाहन्छन्, सामाजिक सञ्जालका कारण श्रीमानश्रीमतीमा आशङ्का पैदा हुन्छ, चरित्रको आरोप लाग्छ- उनले भने- यसरी सम्बन्धविच्छेदको मुद्दा दर्ता गर्नेमा महिला मात्रै हुन्थे, अहिले नयाँ व्यवस्थानुसार पुरुष पनि आएका छन्, यसमा चारित्रिक विषयका साथै रेमिट्यान्सको विषय मुख्य देखिन्छ, विदेशबाट पठाएको पैसा कहाँ गयो ? भनेर सोधखोज गर्दा धेरै जोडीमा विवाद बढेर सम्बन्धविच्छेदमा पुगेको पाएका छौँ।

यस्तै चालूआवको हालसम्म जिल्ला अदालत बागलुङमा ज्यान मुद्दासम्बन्धी आठ, बहुविवाह पाँच, जबर्जस्ती करणीसम्बन्धी १७, लागुऔषधसम्बन्धी पाँच, चोरीसम्बन्धी नौ, आत्महत्या दुरुत्साहनसम्बन्धी दुई, बाल यौन दुरुपयोगसम्बन्धी दुई, अपहरण गरी बन्धकसम्बन्धी दुई, पशुपक्षीको कसुर छ, बोक्सी आरोपसम्बन्धी एक, विवाह बदर एक, बालविवाह एक, सङ्गठित ठगी एक, हातहतियारसम्बन्धी १०, करारको यथावत परिपालन एक, झुठो विवरण पेश गरी नागरिकता लिएको एक र घरेलु हिंसासम्बन्धी आठ मुद्दा परेको जिल्ला अदालत बागलुङले जनाएको छ।

# ट्याक्टर दुर्घटनाबाट सह–चालकको मृत्यु

**भोजपुर, फागुन २०।** भोजपुर रामप्रसाद राई गाउँपालिका-५का १८ बर्षीय सहचालक प्रदीप तामाङको ट्याक्टर दुर्घटनाबाट मृत्यु भएको छ।

सोही स्थानमा को२त ३६६९ नम्बरको ट्याक्टर रोडबाट अन्दाजी ४० मिटर तल झरी दुर्घटना हुँदा सहचालक प्रदीप घाइते भएका थिए। घाइते प्रदीपको स्वास्थ्य चौकी मानेभञ्ज्याङमा उपचारको क्रममा बिहान मृत्यु भएको जिल्ला प्रहरी कार्यालय भोजपुरले जनाएको छ। ट्याक्टर चालक सोही स्थान बस्ने सञ्जीब खड्का प्रहरीको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ।

यता मोरङ सुन्दरहरैंचा नगरपालिका-३का २० बर्षीय अजित चौधरीको मोटरसाइकल दुर्घटनाबाट मृत्यु भएको छ।

सोही स्थानमा प्र१-०२-०४२प६३९२ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल पछाडि सवार अजित घाइते भएका थिए। घाइते अजितको नोवेल अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ। मोटरसाइकल चालक सोही स्थान बस्ने ३१ बर्षीय देवकुमार चौधरी प्रहरीको नियन्त्रणमा रहेको उक्त कार्यालयले जनाएको छ।

# बालअधिकार सम्बन्धी चर्चा

**उमानाथ भण्डारी**

**कमल, फागुन २०।** नेपाल बाल संगठन झापाको आयोजनामा विहीवार बिर्तामोडमा बाल अधिकार सम्बन्धी छलफल तथा परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ।

बिराट सामुदायिक सहकारी संस्थाको सभाहलमा सम्पन्न कार्यक्रममा जिल्लामा बालबालिकाको क्षेत्रमा क्रियाशील संघ संस्थाका प्रतिनिधि र बालबालिकाको क्षेत्रमा काम गर्न इच्छुक व्यक्तिबीच छलफल तथा परिचयात्मक कार्यक्रम सम्पन्न भएको हो।

२०४६ सालपछि राजनीतिक अवस्थाका कारण जीर्ण अवस्थामा पुगेको बाल संगठनलाई देशकै उत्कृष्ट बनाउनका लागि संस्थाको सदस्यता विस्तार गर्ने काम भइरहेको छ। बालबालिका भनेका भविष्यका कर्णधार मात्र नभएर वर्तमानका साझेदार हुन् त्यसैले अब सबैको साथ र सहयोगमा बालबालिकाको क्षेत्रमा निरन्तर रचनात्मक काम गर्ने नेपाल बाल संगठन झापाका सदस्य रोशन लामाले बताए।



अब झापामा छिट्टै स्थानीय पालिकाको सहकार्यमा बालबालिकाका लागि बालमैत्री शासन, बाल अधिकारका क्षेत्रमा काम गर्न छलफल भइरहेको छ। तर पनि बाल संगठनमा काम गर्न धेरै चुनौति छ। पहिलेको समितिले काम नगरेको दश वर्ष भएको छ। अब नयाँ टिम बनाएर बालबालिकाको अभिभावकत्व ग्रहण गर्ने गरी योजना बनाउँदै अगाडि बढ्ने तयारीमा रहेको नेपाल बाल संगठन झापाका सभापति रुद्र सिटौलाले बताए।

झापामा बाल संगठनको नाममा रहेको भौतिक संरचना पछिल्लो समय वेवारिसे अवस्थामा पुगेकोले अव त्यसलाई संरक्षण गर्ने जिम्मेवारी नयाँ समितिको काँधमा आएको छ। समितिलाई पूर्णता दिन आगामी शनिवार संघको कार्यालयमा साधारणसभा गर्ने निर्णय समेत भएको अध्यक्ष सिटौलाले बताए।

छलफल तथा परिचयात्मक कार्यक्रमको सहजीकरण नेपाल बाल संगठन झापाका सदस्य फणिन्द्र दाहालले गरेका थिए। कार्यक्रममा बालबालिकाको क्षेत्रमा क्रियाशील संघ-संस्थाका प्रतिनिधि तथा बालबालिकाको क्षेत्रमा काम गर्न इच्छुक व्यक्तिसहित ५० जनाभन्दा बढीको सहभागिता रहेको बताइएको छ।

# भूमि समस्या समाधानका लागि कार्यतालिका सार्वजनिक गर्न माग

**पुष्पा लिम्बू**



**झापा, फागुन २०।** राष्ट्रिय भूमि अधिकार मञ्च नेपाल, झापाले भूमि समस्या समाधान आयोगले गर्ने कार्यतालिकाको विवरण उपलब्ध गराउन आग्रह गरेको छ।

भद्रपुरस्थित आयोगको कार्यालय पुगेर मञ्चका पदाधिकारीहरुको टोलीले जिल्लाका सुकुम्बासीहरुको चासोको बिषय रहेको भन्दै आयोगले गर्ने कार्यतालिकाको विवरण उपलब्ध गराउन आग्रह गरेको हो।

मञ्चका अध्यक्ष अर्जुनकुमार लिम्बूको नेतृत्वमा आयोग पुगेको टोलीले भूमिहीन तथा सुकुम्बासी किसानहरुले भोगिरहनुपरेको समस्याका बारेमा आयोगका अध्यक्ष प्रेम गिरीको ध्यानाकर्षण गराएको थियो।

साथै जिल्लामा भूमिहीन किसानहरुको अवस्था र उनीहरुको समस्या सम्बोधनका लागि निर्माण भएका ऐन, नियमहरुको विवरणका बारेमा समेत टोलीले अध्यक्ष गिरीसँग अन्तरक्रिया गरेको थियो। सो क्रममा अध्यक्ष गिरीले आफू सँधै किसानहरुको साथमा रहेको भन्दै बर्षौंदेखि भोगचलन गरिरहेको जग्गा उनीहरुले नै पाउनुपर्ने धारणा राखे।

२०६६ साल चैत्र २६ गते जिल्लामा गठन भएको मञ्चले भूमि अधिकारबाट बञ्चित किसानहरुको पक्षमा आवाज उठाउँदै आएको जिल्ला सदस्य ज्ञानबहादुर मगरले जानकारी दिए। भूमि समस्या सम्बन्धी आयोगले पहिलो चरणमा जिल्लाका ९ स्थानीय तहसँग समझदारी गरेको छ।

# बलात्कारको आरोपमा पक्राउ

**सप्तरी, फागुन २०।** एक बर्षअघि बलात्कार घटनाका आरोपित खडक नगरपालिका-७ कल्याणपुरका २५ वर्षीय एक युवकलाई प्रहरीले विहीवार पक्राउ गरेको छ।

२१ वर्षीया युवतीलाई बलात्कार गरेको आरोपमा फरार उनलाई इलाका प्रहरी कार्यालय कल्याणपुरले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय ल्याएको छ।

उनीमाथि आवश्यक कारवाही प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भूवनेश्वरप्रसाद साहले बताए।

आमासँगै जिल्ला प्रहरी कार्यालय पुगेकी पीडितले दिएको उजुरी जिल्ला प्रहरी कार्यालयले गत माघ ९ गते दर्ता गरेको थियो। खडक-६ स्थित पूर्वपश्चिम राजमार्गमा रहेको आँपका बगैंचामा वि.सं. २०७६ फागुन १० गते आरोपितले बलात्कार गरेको पीडितले बताएकी छन्।

## सरकार ...

उनीहरुलाई सरकारले प्रक्रिया पूरा गरेर रिहा गर्ने तयारी गरेको छ।

विप्लवका दाइ चन्द्रबहादुर चन्द ‘वीरजंग’ पनि चितवन जेलमा छन्। पुलिसलाई हातपात गरेको आरोपमा प्रमुख जिल्ला अधिकारीले उनलाई १० हजार धरौटी मागे। धरौटी नबुझाएपछि उनी थुनामा परेका हुन्। ‘वीरजंग’ जस्तै पाँच जना केन्द्रीय सदस्य जेलमा छन्।

स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली नख्खु कारागारमा छन्। समूहका तेस्रो वरियताका नेता धर्मेन्द्र बाँस्तोला ‘कञ्चन’ जिल्ला प्रहरी कार्यालय काभ्रेको हिरासतमा छन्। परिवारले उनलाई छुटाउन सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट हालेका छन्। नख्खुस्थित एनसेल मुख्यालयमा विस्फोटपछि बीबीसीमा अन्तरवार्ता दिँदै हेमन्तप्रकाश ओलीले घटनाको नैतिक जिम्मेवारी लिएका थिए। अदालतले उनलाई बिस्फोट मुद्दामा साधारण तारेखमा छाडेको थियो।

ललितपुरको ठेँचोबाट प्रहरीले फेरि उनलाई पक्राउ गरेर ‘पेस्तोल प्लट गरेको’ सो समूहको आरोप छ। उनी अहिले ‘हातहतियार तथा खरखजाना मुद्दामा जेल परेका हुन्। विप्लव समूहका केन्द्रीय सदस्य माइला लामा ०७६ साउन ५ मा पक्राउ परेका थिए। त्यसयता उनी छुटेका छैनन्। काठमाडौं इन्चार्ज हुँदा उनलाई प्रहरीले पक्रेको थियो। ३० हजार धरौटी नतिरेपछि उनी संखुवासभा जेलमा छन्। माइला जनसांस्कृतिक महासंघका अध्यक्ष पनि हुन्। लमजुङका माइला ०७४मा भएको पहिलो संविधानसभा चुनावमा उम्मेदवार बनेर पराजित भएका थिए।

२०७५ फागुन १० गते नख्खुस्थित एनसेल कार्यालयमा बम विष्फोटपछि फागुन २८ गते बसेको मन्त्रिपरिषद्को बैठकले विप्लव समूहलाई आपराधिक र विध्वंशकारी घोषणा गर्दै प्रतिबन्ध लगाएको थियो। २०७५ चैत ३ गते गृह मन्त्रालयले विप्लवसहित नेता कार्यकर्तालाई नियन्त्रणमा लिन ७७ वटै जिल्ला प्रहरी कार्यालयहरुलाई परिपत्र गरेको थियो।

प्रतिवन्धपछिको दुई वर्षमा विप्लव समूहका दुई हजार ८९ जना नेता तथा कार्यकर्ता पक्राउ परेका छन्। उनीहरुलाई व्यक्ति हत्या, विष्फोट, आगजनी लगायतका आरोपमा पक्राउ गरिएको थियो। जसमध्ये १३३ जना पुर्पक्षका क्रममा कारागारमा र ३ जना अनुसन्धानका क्रममा हिरासतमा रहेको प्रहरीले जनाएको छ। चन्द समूहका नेता तथा कार्यकर्ताविरुद्ध विष्फोट र आगजनी, मोरङको मिक्लाजुङमा शिक्षकसहित चार जनाको हत्या जस्ता अभियोग लगाइएका छन्। प्रतिवन्धपछि प्रहरीको कारवाहीमा विप्लव समूहको चार जना मारिएका छन् भने विप्लव समूहले सडकमा आफैंले राखेको वम विष्फोट हुँदा सात जनाले ज्यान गुमाएका थिए।

यसैबीच नेपाल कम्युनिष्ट पार्टीका महासचिव दुई वर्ष पछि सार्वजनिक हुने भएका छन्। सरकारपछिको सहमतिसँगै हिंसात्मक गतिविधि छाडेर शान्तिपूर्ण राजनीतिमा आउन विप्लव समूह तयार भएको हो। सहमतिसँगै शुक्रवार हुने कार्यक्रममा महासचिव चन्द, प्रधानमन्त्री ओलीसँगै सार्वजनिक हुने भएका छन्। २०६९ सालको असारमा पुष्पकमल दाहाल नेतृत्वको तत्कालीन एकीकृत नेपाल कम्युनिष्ट पार्टी माओवादी प्रति असन्तुष्टि जनाउँदै मोहन वैद्यको नेतृत्वमा छुट्टै नेकपा माओवादी क्रान्तिकारी गठन गरिएको थियो। तर, २०७१ साल मंसीरमा मोहन वैद्य नेतृत्वको उक्त पार्टी क्रान्तिकारी हुन नसकेको भन्दै विप्लवले नेपाल कम्युनिष्ट पार्टी गठन गरेका थिए।

## सरकार आगलागी ...

प्रदान गरिने मुख्यमन्त्री राईले बताए। आगलागी पश्चात प्रदेश सरकारले गरेको निर्णय अनुसार उक्त सहायता तथा राहत रकम चाँडै जिल्ला प्रशासन कार्यालयका साथै स्थानीय सरकारमार्फत उपलब्ध गराउने उनको भनाइ थियो।

यसैबीच मुख्यमन्त्री राईसँगै आएका आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्कीले प्रदेश सरकार पीडित परिवारको साथमै भएकाले ढुक्क हुन आग्रह गरे। आगलागीको घटनाप्रति दुःख व्यक्त गर्दै उनले पीडितको पुनःस्थापना लगायत कार्यमा प्रदेश सरकारले सक्दो सहयोग गर्ने आश्वासन दिए।

यसैबीच सरकारले उपलब्ध गराएको टेन्ट, कम्बल, खाद्यान्नलगायत सामग्री वितरण गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समितिले उक्त सामग्री आगलागी क्षेत्रमा पुगेर वितरण गरेको हो। मंगलबार भएको आगलागीका कारण ५० घर जलेर नष्ट भएका थिए। आगलागीले रु. ४० करोडभन्दा बढीको क्षति भएको मेरिङ्देन गाउँपालिकाले जनाएको छ।

## गुटगत ...

फागुन २१ स्थानीय बिदा दिएको छ। शहीदहरुको स्मृतिमा बिदा दिने निर्णय गरेको मेयर दीपककुमार थेबेले जानकारी दिए।

तत्कालीन पञ्चायती शासकहरुले हत्या गरेका दहाल, कुइँकेल, राजबंशी, घिमिरे र श्रेष्ठको हत्या गरेका थिए। हरेक बर्ष फागुन २१मा शहीदको सम्झनामा सुखानीमा बृहत् कार्यक्रम गर्ने गरिएको छ।

यसैबीच सुखानी शहीदको सम्झनामा राष्ट्रिय युवा संघ नेपाल माई नगरकमिटीले फागुन-२१ गतेबाट फागुन २९ गतेसम्म वडास्तरीय पुरुष र महिला फुटवलको आयोजना गरेको अध्यक्ष कुमार लिम्बू जानकारी दिए।


**माई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सितली, इलाम**

**स्थानीय बिदा दिइएको बारे सूचना**

यस नगरपालिकाको मिति २०७७।११।१७ गते बसेको कार्यपालिका बैठकले माई नगरपालिका वडा नं. ४स्थित सुखानी क्षेत्र शहादत प्राप्त गर्ने शहीदहरुको स्मृतिमा मिति २०७७।११।२१ गते स्थानीय बिदा दिने निर्णय गरेको हुँदा सबैको जानकारीका लागि यो सूचना प्रकाशित छ।

**दीपककुमार थेवेः** नगर प्रमुख

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
**बिर्तामोड, झापा**



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।
भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

**आकर्षक घडेरी बिक्रीमा**

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ।

*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ।*

**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**

**कर्मचारी आवश्यकता**

| | |
|---|---|
| १) सेल्स | २ जना (महिला/पुरुष) |
| २) सुपरभाइजर | १ जना (महिला/पुरुष) |
| ३) स्टोर किपर | १ जना (महिला/पुरुष) |
| ४) क्यासियर | २ जना (महिला) |

*नोटः सम्बन्धित काममा दक्षले मात्र बायोडाटा पेश गर्नुहोला।*

सम्पर्कः ९८४२६४१५३२

**किनमेल डिपार्टमेन्ट स्टोर प्रा.लि.,**
बिर्तामोड, झापा (हनुमान कम्प्लेक्स), ग्राउण्ड फ्लोर

**Vacancy For Accountant**

The Showroom of BMW & Benelli in Birtamode is seeking to recruit Competent, Committed, Self-motivated & Enthusiastic candidates for the following positions.

**Accountant (1person, Female/Male)**
**Qualification:** BBS or Equivalent
(The Accountant is responsible for all day to day financial operations.)
**Experience:** 2 years of progressive accounting experience that touches on each of the areas included in the position summary. Doploma to Advance Microsoft Excel Skills, Accounting experience preferred.
**Age : above 25 Year**
**Salary : Negotiable**

Contact: **Garud Automobiles**
Authorised showroom of BMW & Benelli
North to Sugam Petrol Pump, Birtamode
023- 541148, 9852644441

**डिलर आवश्यकता**

यस गोर्खा सुज प्रा.लि. मेचीनगर धाइजनलाई केही डिलर आवश्यकता परेकोले डिलर सञ्चालन गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला।

मो. ०२३-५४२८०४, ९८१५९४३५५४

**VACANCY**

PREMIER LALIGURANS ENG. SCHOOL PANCHAKANY BIRTAMODE-1
REQUIRES IMMEDIATELY THE FOLLOWING TEACHERS :
QRADUATE/UNDER QRADUATE : WITH MATHS & SCIENCE FOR (STD THREE & ABOVE) IN ENG. MEDIUM.
+2, SLC (Passed) : FOR PRE PRIMARY/PRIMARY (IN ENG. MEDUM)
**CONTACT IMMEDIATTELY Phone : 9817975354 with Bio data**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# दीर्घकालीन रणनीति बनाऊ

सडकलाई मुलुकको समृद्धिको पूर्वाधार भनिन्छ । सडक पूर्वाधारले मानव जातिको आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण–योगदान दिन्छ । सडकको विकासले व्यापार–व्यवसाय लगायत मानवीय गतिविधि सहज हुन्छन् । त्यसैले सडक सञ्जाललाई सभ्यता र समृद्धिको पनि मूल आधार मानिन्छ । हामीकहाँ सडक निर्माणको इतिहास त्यति पुरानो छैन । राणा शासनकालमा काठमाडौंमा मोटरेबल सडक निर्माण गरेर प्रारम्भ भएको इतिहास राणा शासनको अन्त्यसँगै अभियानका रुपमा अगाडि बढाइयो । वि.सं. २००८ मा प्रारम्भ भई २०१३ सालमा सम्पन्न भएको त्रिभुवन राजपथलाई नेपालको इतिहासको पहिलो राजमार्ग भनिन्छ । त्यसपछि वि.सं. २०२३ मा पूर्व–पश्चिम महेन्द्र राजमार्ग निर्माण गरियो जसलाई नेपाल र नेपालको भाग्यरेखा नै भनिएको थियो । त्यसयता थुप्रै मुख्य तथा सहायक सडकहरु निर्माण भइसकेका छन्, जसले नेपालका सबै जिल्लाहरुलाई एकापसमा जोडेको छ, जनताको पहुँच विस्तार गरेको छ र आर्थिक गतिविधिलाई फराकिलो बनाउँदै लगेको पनि छ ।

सडक सञ्जालको विकाससँगै यसले ल्याउने नकारात्मक असरहरु पनि त्यही अनुपातमा बढ्दै गएका छन् । वि.सं. २०७७ सम्मको तथ्यांक अनुसार नेपालमा करिब पैंतीस हजार किलोमिटर सडक निर्माण भइसकेको छ । सडक विस्तार भएपछि थपिएको चुनौतिको व्यवस्थापन गर्न सकिएन भने उत्पन्न हुने दुष्परिणामका लागि आफू–आफू तयार रहनुपर्ने निश्चित छ । विश्व स्वास्थ्य संगठनले पनि सडक दुर्घटनामा परी वार्षिक तेह्र लाख मानिसको मृत्यु हुने गरेको तथ्यांक सार्वजनिक गरिसकेको छ । जहाँ पाँच करोड जनाले घाइते हुनु परेको छ । यही तथ्यांकलाई आधार मान्दा पनि सडक सञ्जालको पहुँच बढ्नु आर्थिक र सामाजिक समृद्धिको आधार भनिन्छ त्यहीं यसको भयावहता कल्पनाभन्दा धेरै बढी छ । यस्तोमा राज्य र जनताको प्रतिनिधित्व गर्छौं भन्नेहरुले सम्भावित भौतिक, आर्थिक तथा मानवीय क्षति न्यूनीकरण गर्न आवश्यक योजना सार्वजनिक गर्नु पर्दछ ।

बुधबार झापाको कन्काई नगरपालिका क्षेत्रको महेन्द्र राजमार्गमा दुर्घटनामा परी दुईजनाले ज्यान गुमाए । तीन वटा सवारी एकापसमा जुधेर भएको सो दुर्घटनामा अन्य केही घाइते छन् भने भौतिक तथा आर्थिक क्षतिको तथ्यांक नै छैन । गत आर्थिक वर्ष सडक दुर्घटनामै परेर दुई हजार सात सय जनाभन्दा बढीले जीवन गुमाएका थिए भने यस्तो संख्या प्रत्येक वर्ष बढ्दै गइरहेको छ । यसरी सडक दुर्घटनाको संख्या बढ्दै जानुमा सडक अनुशासनको अवहेलना, दक्ष र अनुभवी चालकको कमी, मापदण्ड विपरीतका सडक, चालकमा सवारी ज्ञानको अभाव, सवारीको कमजोर अवस्था र सडक प्रयोगकर्ताको लापरवाही मुख्य हुन् । त्यसलाई न्यूनीकरण गर्ने तर्फ सरकारको ध्यान पुगेकै छैन । बनाइएका नीति–नियमको कार्यान्वयनको पक्ष कमजोर छ, सरकारको सडक सुरक्षा सम्बन्धी दीर्घकालीन रणनीति छैन, सडक अनुशासन कायम गर्न दक्ष जनशक्ति, पूर्वाधार र व्यवस्थापनका बारेमा दृष्टिकोण, सचेतना शिक्षा लगायतका विषयमा कार्यदिशा नै छैन । यस्तो अवस्थामा दुर्घटनाको जोखिम कम होला अनुमान गर्न सकिन्नँ । त्यसैले सरकारले सडक बनाउनुसँगै व्यवस्थापनमा समेत ध्यान दिनु पर्दछ ।

# राजनीति : भ्रम र सत्य



विष्णुप्रसाद खरेल

'म मरेपछि मेरो भूमिकाको बरेमा व्यापक भ्रम सृजना गर्ने प्रयास हुनेछ भन्ने मलाई पक्का छ। घटनाहरुलाई बंग्याएर इतिहासको गलत ब्याख्या गरिने छ। नेपाली कांग्रेसमा मैले लिएको अडान र मेरो दृष्टिकोणलाई गौण बनाइने छ। मैले नेपाली कांग्रेसमा सदैव सैद्धान्तिक र विषयगत अडानहरु लिएको छु। राष्ट्रियताको विषयमा, प्रजातान्त्रिक संस्थाहरुका विषयमा, आर्थिक विकास र समाजवादी व्यवस्थाका विषयमा मेरा अडानहरु निरन्तर छन्। हिन्दुस्तानका बारेमा, राजाका बारेमा र संसारसँगको सम्पर्कका बारेमा मेरो दृष्टिकोणमा एउटा निरन्तरता छ।'

माथिका भनाई नेपालका समाजवादी नेता वीपी कोइरालाका हुन्। म अहिले यी भनाइहरु दोहोऱ्याएर र तेहेऱ्याएर पढिरहेको छु र मनन् गरिरहेको छु। म राजनीतिक प्राणी हूँ। अहिले म, मेरो राजनीतिक जीवनका दुईवटा पाटाहरुको तुलना र विश्लेशण गरिरहेको छु। जतिखेर म किशोर अवस्थामा थिएँ, संसार बदल्ने उत्साह थियो। त्यही उत्साहको प्रभावले म कम्युनिष्ट आन्दोलनमा सरिक भएर अर्धभूमिगत रुपमा राजनीतिमा प्रवेश गरेँ। सैद्धान्तिक पुस्तकहरु खुब पढिने गरिन्थ्यो। राजनीतिक प्रशिक्षणहरु प्रशस्त लिने गरिन्थ्यो। अहिले स्मरण भइरहेको छ, त्यति बेलाका हाम्रा प्रशिक्षण र बहसहरु राजतन्त्रका विरुद्धमा मात्र केन्द्रित थिएनन्। नेपाली कांग्रेसका विरुद्धमा पनि उत्तिकै केन्द्रित थिए। मुख्यगरी नेपाली कांग्रेसको भारतसँगको सम्बन्ध र राजासँगको सम्बन्धका बारेमा बहस हुने गर्दथ्यो। ती बहसहरुमा नेपाली कांग्रेस 'भारतको गोटी' भएको 'भारतिय दलाल' र 'राजासँग घाँटी जोडेको राजावादी' पार्टीका रुपमा हाम्रो मानसिकतामा रोपण गरिन्थ्यो। म पनि त्यसरी नै बुझ्ने गर्दथेँ। सायद अहिलेका कम्युनिष्ट समर्थकहरुले पनि यसरी नै बुझिरहेका छन्।

विषेशगरी २००७ सालको क्रान्तिमा भएको दिल्ली सम्झौतालाई लिएर कम्युनिष्टहरुमा ठूलो राजनीतिक कुण्ठा रहेको थियो। इतिहासलाई अध्ययन गर्दा २००७ सालको क्रान्तिमा कम्युनिष्टहरुको कुनै भूमिका देखिएन। 'दिल्ली सम्झौता' भएको बखत दिल्लीमा उपस्थित राजनीतिक शक्तिहरुमा कम्युनिष्टहरुको कुनै अवशेष देखिँदैन। आफू भूमिकाविहीन हुनु परेको पीडाले उनीहरुलाई चिमोट्न थाल्यो। उनीहरुले दिल्ली सम्झौता गलत थियो मात्र भनेनन् त्यसको दोश सबै वीपी माथि थोपर्न थाले। त्यति बेला भएको दिल्ली सम्झौतामा भारतले गरेको छलकपट र राजाले आन्तरिक रुपमा भारतसँग गरेको सम्झौताका बारेमा कम्युनिष्टहरुले कति ठूलो भ्रम छरेका रहेछन् भन्ने कुरा त्यस बेलाको इतिहास अध्ययन गरेपछि मात्र थाहा हुन्छ। तर, कम्युनिष्ट स्कुलिङ्ग यस्तो भयानक भ्रमपूर्ण थियो कि म पनि सबै कुराको दोषी वीपी र नेपाली कांग्रेसलाई नै ठहऱ्याउँथेँ।

वीपीले भन्नुभएको छ- '२००७ सालको क्रान्ति हामीले हिन्दुस्तानबाट सञ्चालन गऱ्यौं, तर हामीलाई हिन्दुस्तानले सञ्चालन गर्न खोजेको कुराको मैले सधैँभरी र सबैभन्दा बढी विरोध गरेको छु। मैले राजालाई हमेशा महत्व दिएको छु। मलाई



थुनामा (राजाले) राख्दा पनि त्यही विचार राखेको छु। तर, उनको निरंकुश शैलीको मैले सधैं र सबभन्दा बढी विरोध गरेको छु। मैले हिन्दुस्तानमा बसेर संगठन गर्दा पनि आफ्नो राष्ट्रियताको छवि कायम राख्ने प्रयास गरेँ। राजासँग मेलमिलापको कुरा गर्दा पनि प्रजातन्त्रको आग्रहमा मैले कहिल्यै समर्पण गरिनँ। मेरा यी अडानहरुका बारेमा ब्यापक भ्रम श्रृजना हुने सम्भावना देखेको छु।'

वीपीले भने झैं उहाँको राजनीतिक अडान र उहाँका विचारहरुमाथि व्यापक भ्रम सृजना गर्ने प्रयास भएको छ। यसरी भ्रम छर्नमा सबैभन्दा उद्यत ढंगले लाग्नेहरुमा कम्युनिष्टहरु नै देखिएका छन्। उनीहरुलाई एउटा राजनीतिक बाध्यता छ, आफू राष्ट्रवादी देखिन नेपाली कांग्रेसलाई भारतपरस्त दलका रुपमा ब्याख्या गरी राजनीतिक फाइदा लिने बाध्यता। राजालाई पनि यही बाध्यता थियो। जनताका बीचमा लोकप्रिय बनेका वीपी र वीपीले लिएको राष्ट्रवादी अडान र समाजवादी चिन्तनबाट राजा पनि आत्तिएका थिए। त्यसैले राजा वा राजावादीहरु पनि वीपीका विचारहरुमा भ्रम छर्न तल्लिन भए। राजा र कम्युनिष्टहरुको संयुक्त मिलेभगतमा वीपीका विचारहरुमाथि भ्रम फैलाइयो र आजसम्म त्यो भ्रमका कारण धेरै भ्रमित भइरहेका छन्।

वीपीले भन्नुभएको थियो- 'नेपाली कांग्रेसको इतिहास ती सबै आदर्शहरु र लक्ष्यहरुका साथ भएको संघर्षको इतिहास हो र, मलाई लाग्छ, यस मुलुकको उज्ज्वल भविष्यको लागि नेपाली कांगेसमा ती कुराहरुको निरन्तरता रहनु पर्दछ। जुन दिन नेपाली कांग्रेसले राष्ट्रियताको आफ्नो अडान छाड्नेछ, यो निरर्थक भएर जानेछ र जुन दिन यसले प्रजातन्त्रका आदर्शहरु छाडेर केवल सत्ताको राजनीति गर्नेछ, यो निरर्थक भएर जानेछ।'

अहिले पनि नेपालको राजनीतिमा वीपीका विचारहरु, उहाँका राजनीतिक अडानहरुका बारेमा ठूलो भ्रम तयार गर्ने प्रयास भइरहेको छ। इतिहासका दस्तावेजहरुलाई र सत्य र तथ्यहरुलाई बंग्याएर छरिएका यस्ता भ्रमहरुका विरुद्धमा जुझ्ने वैचारिक शक्ति नेपाली कांग्रेसमा कमजोर छ। विचारको राजनीतिमा अडिग पहिलो पुस्ताको संख्या घट्दै गइरहेको अवस्थामा नेपाली कांग्रेसभित्र तयार भइरहेको नयाँ पुस्ताले इतिहासको र वीपीका विचारहरुको गहिरो अध्ययन र विश्लेषण गर्दै वीपीको विचारको संरक्षण र अबलम्बन गर्न सकेन भने वास्तवमै वीपीले भने झैं नेपाली कांग्रेसले गरेका सबै प्रयास निरर्थक भएर जानेछन्।

वीपीका विचारलाई नबुझेका कारण राजाले सत्ताच्युत हुनु परो। राष्ट्रियताका सवालमा राजा सबैभन्दा राष्ट्रवादी हुन सक्छन् भन्ने विश्वास वीपीमा थियो। राजा हुन राष्ट्र चाहिन्छ, तसर्थ, राजा जहिले पनि राष्ट्रका पक्षमा रहन्छन् भन्ने विश्वासका कारण नै राष्ट्रिय मेल-मिलापको नीति लिएर वीपी नेपाल आउनु भयो। भारतीयहरुले वीपीलाई प्रयोग गर्न अनेक बहाना र षडयन्त्र गरिरहे। ती षडयन्त्रका बावजुद उहाँले नेपालको स्वतन्त्र अस्तित्वका सवालमा कहिल्यै सम्झौता गर्नु भएन। २००७ सालपछि बनेको राजा-राणा र कांग्रेसको संयुक्त सरकारका बेलामा तात्कालीन भारतीय राजदूतलाई पटक-पटक झपारेका वीपी अन्तत निरंकुशताको सपनामा रमेका राजा महेन्द्र र विस्तारवादी नीति लिएको भारतको षडयन्त्रको शिकार हुनु परो।

वीपीले मार्गदर्शन गरेको सबैभन्दा महत्वपूर्ण कुरालाई नेपाली कांग्रेसले कहिल्यै पनि बिर्सनु हुँदैन। उहाँले भन्नुभएको थियो जुन दिन नेपाली कांग्रेसले राष्ट्रियताको अडान र प्रजातन्त्रको आदर्श बिर्सन्छ र केबल सत्ताको राजनीति मात्र गर्नेछ त्यसपछि नेपाली कांग्रेसको सान्दर्भिकता समाप्त हुनेछ। अहिले भएको पनि त्यही हो। राष्ट्रियताका सवालमा राजासँग एकता गर्दै प्रजातन्त्रका सवालमा राजासँग निरन्तरको संघर्ष गर्ने र राजा र राजसंस्थालाई लोकतान्त्रिकरण गर्नु नै नेपाली कांग्रेसको राजनीतिक भूमिका हुनुपर्दथ्यो, यहीनेर नेपाली कांग्रेस चुकेको छ। नेपाली कांग्रेसको सिद्धान्तभन्दा सत्ता राजनीतिमा भुलेकै परिणाम हो अहिलेको राजनीतिक अस्थिरता र राजनीतिक अन्यौलता।

अहिलेको राजनीतिक सन्दर्भमा वीपीका आदर्श र सिद्धान्तहरुको चर्चा फेरि जोडतोडले चलेको छ। कुनै सहारा नपाएपछि राजावादीहरु पनि वीपीका पुस्तक देखाउँदै भाषण गर्न थालेका छन्। उनीहरुमा त चेत पलाउन थालेछ, तर नेपालका कम्युनिष्टहरुमा वीपीका विचारहरुको त्रास अहिले पनि कायमै छ। उनीहरुको नक्कली राष्ट्रवाद र नक्कली प्रजातन्त्रले यो मुलुकको राजनीतिलाई मार्गप्रशस्त गर्न सक्दैन भन्ने देखिन थालेको छ। कम्युनिष्टहरुले केबल सत्ताको राजनीति मात्रको अभ्यस गरिरहेका छन्। उनीहरुले कम्युनिष्टका सबै सिद्धान्तलाई तिलाञ्जली दिइसकेका छन्।

उनीहरुसँग अब कुनै सिद्धान्त र कम्युनिष्ट चरित्र बाँकी छैन, केवल भ्रम छर्ने हतियार मात्र बाँकी छ। त्यसै कारण सत्यको विखण्डन र भ्रमको राजनीतिलाई उनीहरु जोड्तोडले मलजल गरिरहेका छन्। तर, उनीहरुलाई के थाहा छैन भने अबको नयाँ पुस्ता सत्य र तथ्यको खोजीमा लाग्नेछ र वीपीको राजनीतिक त्याग, आदर्शवादी व्यवहार र राष्ट्रियता र प्रजातन्त्रका सवालमा कहिल्यै सम्झौता नगर्ने अडानका पक्षमा उभिने छ। यसो भयो भने मात्र सत्यले भ्रमलाई पराजीत गर्दै नेपालको राजनीतिक स्थायित्व कायम हुनेछ।

# आकर्षणको केन्द्र : वाटर किङडम पार्क

☐ विनोद सापकोटा



झापाको शिवसताक्षीमा स्थापित वाटर किङडम पार्क एण्ड रिसोर्टको सञ्चालन समिति गठन भएको छ। पार्कका सञ्चालक राजकुमार संग्रौलाको अध्यक्षतामा बसेको भेलाले उनैलाई कार्यकारी निर्देशक पदमा चयन गरेको हो। पार्कलाई व्यवस्थित र आगन्तुकलाई भरपुर मनोरञ्जन दिलाउनका लागि समितिको आवश्यकता महशुस लगानीकर्ताले गरेपछि पार्कले सञ्चालन समिति गठन गरेको अर्का सञ्चालक सौजन संग्रौलाले बताए। पार्कको नवगठित समितिमा शिवसताक्षी नगरका युवा व्यवसायी समेटिएका छन्।

पार्कका सञ्चालक तथा कार्यकारी निर्देशक राजकुमारका अनुसार गणेश प्रधान, यामबहादुर बुढाथोकी, यामनाथ काफ्ले, कुमार खालिङ राई, तुला बोखिम, गणेश घिमिरे, चन्द्रविर नेम्वाङ, सन्त फेवदिन, राकेश सिंह ठकुरी र विनोद सापकोटा कार्यकारी सदस्यमा चयन भएका छन्। यो समितिले पार्कलाई विवेचनात्मक सुझाव, सल्लाह, कार्यसम्पादन मूल्यांकन, आगन्तुक विदेशी तथा स्वदेशी भिआइपीको स्वागत तथा सम्मान र पार्कमा आउने सर्वसाधरणको सुझाव सुन्ने काम गर्ने कार्यकारी निर्देशक संग्रौलाले बताए। त्यस्तै सल्लाहकार समिति पनि गठन भएको छ। सल्लाहकार समितिको संयोजकमा शिवसताक्षी नगरका प्रमुख चन्द्रकुमार शेर्मा, वडा नम्बर ८ का अध्यक्ष केहरसिंह बस्नेत र शिवसताक्षी उद्योग वाणिज्य संघका अध्यक्ष भोला मैनाली सदस्य चयन भएका छन्। फागुन २६ गतेदेखि सर्वसाधरणका लागि टिकट खुल्ला गरेर पार्क सञ्चालनमा आउने कार्यकारी निर्देशक संग्रौलाले बताए। त्यसका लागि ९५ प्रतिशत तयारी पूरा भएको छ। पार्कमा जिप लाइन, सुपरम्यान जिपलाइन र पछिल्लोपटक जिप साइक्लिङ पनि भित्र्याइएको छ। पार्क नखुल्दै सयौं सर्वसाधरणले साइकल कुदाएर दैनिक मज्जा लिन थालेका छन्। दुई सय मिटर दुरीका दुई वटा विल्डिङमा झुण्ड्याइएको तारमा सर्वसाधारणले साइकल कुदाएर मज्जा लिन सक्नेछन्। एउटा साइकलमा दुई जनाले सयर गर्न सकिने छ। दुईवटा तारमध्ये माथिल्लो तारमा साइकललाई झुण्ड्याइएको हुन्छ। तल्लो तारमा साइकलको चक्का अडिएको हुन्छ। जिप साइकिलिङ गर्नेले पाइडल मारेपछि तल्लो तारमा अड्याइएको चक्का घुम्छ।

सुरक्षाका लागि जिप साइकिलिङ प्राविधिकले साइकल कुदाउनेको खुट्टाको दुबै भाग र कम्मरमा हार्नेसले बाँधिदिएका हुन्छन्। त्यो हार्नेसको हुक साइकल अड्याएको क्लिपमा लगेर जोडिएको हुन्छ। जसका कारण साइकल सयर गर्नेको सुरक्षा मजबुत हुन्छ। जमिनदेखि ५८ फिटमाथि खुला आकासमा बढीमा दुई जनाले एकैपटक सहजै साइकल चलाउन सकिन्छ। साइकलमा पनि दुबै जनाका लागि पाइडल हुन्छ। जिप साइकिलिङका प्राविधिक सौजन संग्रौलाका अनुसार एक जनालाई बढीमा एक मिनेट र दुई जनालाई बढीमा ४० सेकेन्डमा एउटा विल्डिङबाट अर्को विल्डिङमा साइकल कुदाएर जान सकिन्छ।

'जमिनमा साइकल चलाए जस्तै आकासमा पनि पाइडल चलाउनुपर्छ' -उनले भने।

सरकारले २०२० लाई पर्यटन वर्ष घोषणा गर्ने संकेत दिएपछि उनले सन् २०१९ मा वाटर किङडम पार्क निर्माण शुरू गरेका थिए। कोरोना भाइरसका कारण मुलुकमा लकडाउन भएपछि पार्कका निर्माणाधीन भौतिक संरचना निर्माण बन्द भएका थिए। सरकारले लकडाउन खुकुलो बनाएपछि बाँकी रहेको पूर्वाधार निर्माण शुरू भएका छन्।

पूर्व-पश्चिम राजमार्गको झिलझिलेबाट करिब तीन सय मिटर दक्षिणमा रहेको पार्क औपचारिक रुपमा उद्घाटन नभए पनि यतिबेला सर्वसाधारणको घुइँचो लाग्ने गरेको छ। विवाह गर्ने, विभिन्न प्रकारका उत्सव मनाउने, पिकनिक खाने, तालिम, गोष्ठी, सेमिनार र विभिन्न सभा समारोह गर्नका लागि झापामा उपयुक्त ठाउँ वाटर किङडम पार्क रहेको शिवसताक्षी नगरका प्रमुख तथा पार्कका सल्लाहकार समितिका संयोजक चन्द्रकुमार शेर्माले बताए।

पार्कमा आएर फोटो खिचेर सामाजिक सञ्जालमा राख्ने र भिडियो खिचेर टिकटक बनाउनेको संख्या यतिबेला ह्वात्तै बढेको छ। सञ्चालक संग्रौलाका अनुसार झापा, मोरङ, सुनसरी, इलाम, पाँचथर, सिराहा, सप्तरी लगायतका जिल्लाबाट सर्वसाधारणहरू आउन थालेका छन्। पार्कमा पानीबाट मात्र खेलेर मनोरञ्जन लिन सकिने आठ प्रकारका आइटम पनि छन्। संग्रौलाका अनुसार स्विमिङ पुल, वेब पुल, मल्टिलेण्ड स्लाइड, वेब स्लाइड, क्रुसर स्लाइड, सोफालेण्ड स्लाइड र पेन्डुलम स्लाइड छन्। यी सबै फागुन २६ गते एकैसाथ सञ्चालनमा आउने छन्।

बालबालिकाहरूका लागि किड्स जोन र सिक्स्पा पार्क वाटर किङडम पार्कका मुख्य आकर्षण हुन्। बुढापाकाका लागि विश्राम चौतारी पनि पार्कमा निर्माण गरिएको छ। युवायुवतीका लागि पार्कभित्र खान बस्न र पार्कभित्रका दृश्यहरू अवलोकनका लागि विभिन्न संरचनाहरू निर्माण गरिएका छन्। पार्कमा ४५ मिटर लामो सुरुङ मार्ग पनि सञ्चालनमा छ। यसले सबैको मन जितेको छ।

सञ्चालक संग्रौलाले पार्कभित्र भेज र नन भेजका फरक-फरक होटल सञ्चालन गरेका छन्। त्यस्तै, आन्तरिक तथा बाह्य पर्यटकका लागि सुविधासम्पन्न २८ वटा कोठाको दुईवटा भवन निर्माण गरेका छन्। 'एउटा भवनमा पार्टी प्यालेस सञ्चालन हुन्छ भने अर्को भवनमा आगन्तुक पाहुनाको आवास हुन्छ' - सञ्चालक संग्रौलाले बताए।

पूर्व घुम्न आउने पर्यटकका लागि शिवसताक्षी नगरको वाटर किङ्डम पार्क उत्कृष्ट रोजाइ बन्नेमा संग्रौला आशावादी छन्। शिवसताक्षी नगरपालिकाको प्रमुख पर्यटकीय स्थलहरू सताक्षीधाम, चिल्लागढ पोखरी र दोमुखा पार्कभित्रका वालहरूमा देख्न पाइन्छ। विभिन्न जातजातिका झाँकीहरू पनि पार्कभित्र आउने सर्वसाधारणले सहजै देख्न सक्नेछन्। ती झाँकीहरू हस्तकलाद्वारा निर्मित हुन्।

३५ करोड रुपैयाँ खर्चिएर निर्माण गरिएको पार्कबाट ५० जनाले प्रत्यक्ष रोजगारी पाएका छन्। पार्कमा आउने आन्तरिक तथा बाह्य पर्यटकका लागि सञ्चालक संग्रौलाले पूर्वका घुम्न योग्य इलाम, झापा, धनकुटा, ताप्लेजुङ, पाँचथर, सुनसरी लगायतका पर्यटकीय स्थलहरूमा प्याकेजमा भ्रमण गराउने बताए। उनले भने- 'यहाँ आउने आन्तरिक तथा वाह्य पर्यटकलाई सस्तोमा पूर्वका पर्यटकीय स्थलहरूमा पुऱ्याएर मनोरञ्जन दिलाइने छ।' यसका अलवा भारतका कालिङपोङ, दार्जिलिङ, खर्साङ, मिरिक जस्ता ठाँउ पनि प्याकेजमा घुमाउने योजना संग्रौलाले ल्याएका छन्।



# वीरता लेडी जेसीजद्वारा उत्कृष्ट नारी सम्मानको घोषणा




**बिर्तामोड, फागुन २०।** वीरता लेडी जेसीजले पहिलो पटक उत्कृष्ट नारी सम्मान कार्यक्रमको घोषणा गरेको छ ।

वीरता लेडी जेसीजका पूर्व अध्यक्षहरुको सक्रियतामा यस वर्षको अन्तर्राष्ट्रिय नारी दिवसमा प्रदान गर्ने गरी उत्कृष्ट नारी सम्मान कार्यक्रमको घोषणा गरेको हो । वीरता लेडी जेसीजकी अध्यक्ष स्वस्तिका आचार्य सिटौलाको परिकल्पना अनुसार यस वर्षदेखि उत्कृष्ट नारी सम्मान कार्यक्रमको थालनी गरिएको बताइएको छ ।

झापामा रहेर सामाजिक कार्यमा सक्रिय एक जना महिलालाई उत्कृष्ट नारी घोषणा गरी आगामी फागुन २३ गते १११औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा उत्कृष्ट नारी सम्मान गरिने वीरता लेडी जेसीजकी अध्यक्ष स्वस्तिका आचार्य सिटौलाले बताइन् ।

झापा जिल्लामा असल र उत्कृष्ट काम गर्नेलाई प्रेरित गर्न तथा अरुलाई पनि त्यस्तै कार्यका लागि सकारात्मक प्रेरणा प्रदान गर्न वीरता लेडी जेसीजले उत्कृष्ट नारीको चयन गरी यसवर्ष देखि सम्मान गर्न शुरु गरेको उनले बताइन् ।

यस बर्ष उत्कृष्ट नारी सम्मानका लागि 'समाजसेवा' विधा चयन गरिएको बताउँदै अध्यक्ष सिटौलाले उक्त विधा अन्तर्गत रहेर जिल्लामा विशेष योगदान पुऱ्याउने महिलालाई उत्कृष्ट नारी घोषणा गरी स्वर्ण पदक, सम्मान-पत्रद्वारा सम्मान गर्ने जानकारी दिइन् । विभिन्न फरक-फरक विधामा सक्रिय महिलालाई उत्कृष्ट नारी घोषणा गरी प्रत्येक वर्षको अन्तर्राष्ट्रिय नारी दिवसका दिन उत्कृष्ट नारी सम्मान गरिने उनले बताइन् ।

आगामी फागुन २३ गते हुने उत्कृष्ट नारी सम्मान कार्यक्रमको संयोजकको जिम्मेवारी वीरता लेडी जेसीजकी संस्थापक अध्यक्ष शारदा रिजाललाई दिइएको छ ।

वीरता लेडी जेसीजकी अध्यक्ष सिटौलाको अध्यक्षतामा वसेको कार्यसमिति र पूर्व अध्यक्षहरुको बैठकले अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा उत्कृष्ट नारी सम्मान कार्यक्रमको घोषणा गर्नुका साथै उत्कृष्ट नारी सम्मान छनौट समिति समेत गठन गरेको छ ।

नारी सञ्चार गृह झापाकी अध्यक्ष भीमा शिवाकोटीको संयोजकत्वमा गठित छनौट समितिमा सञ्चारकर्मी कुमार भट्टराई र वीरता जेसीजका पूर्व अध्यक्ष शिवकुमार अग्रवाल सदस्य रहेका छन् । आगामी फागुन २३ गते बिर्तामोडस्थित इन्द्रेणी व्याङ्क्वेटमा हुने उत्कृष्ट नारी सम्मान कार्यक्रमलाई झापाबासीको साझा र उत्कृष्ट कार्यक्रम बनाउन धेरैभन्दा धेरै महिलाका संघसंस्थालाई सहभागिताका लागि वीरता लेडी जेसीजकी अध्यक्ष सिटौलाले आग्रह गरेकी छिन् ।

यसैबीच वीरता लेडी जेसीजले शुरु गरेको जेसी अफ द मन्थ अवार्ड अन्तर्गत फेब्रुअरी महिनाको अवार्ड उपाध्यक्ष उमा पाण्डे (रोजिना) लाई प्रदान गरिएको छ । आफै संयोजक बनेर सामाजिक कार्य गरेको र जेसीजका हरेक गतिविधिमा सक्रिय सहभागिता जनाएकोले पाण्डेलाई उक्त अवार्ड प्रदान गरेको अध्यक्ष सिटौलाले बताइन् ।

# ६५ वर्ष माथिकालाई कोभिड-१९ विरुद्धको खोप



**झापा, फागुन २०।** झापामा ६५ बर्ष उमेर समूहदेखि माथिका ज्येष्ठ नागरिकलाई आगामी फागुन २३ गतेदेखि कोभिड-१९ विरुद्धको दोस्रो चरणको खोप लगाउने तयारी गरिएको छ ।

सरकारले फागुन २३ गतेदेखि कोभिड-१९ विरुद्धको दोस्रो चरणको खोप अभियान सञ्चालन गर्ने भएसंगै स्वास्थ्य कार्यालय झापाले ६५ वर्षभन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई कोभिड -१९ विरुद्धको खोप लगाउने तयारी गरेको हो ।

पहिलो चरणको खोप सम्पन्न गरेको स्वास्थ्य कार्यालय झापाले बिर्तामोडमा पत्रकारहरुसँग अन्र्तक्रिया गर्दै उक्त कुराको जानकारी दिएको हो । झापाका ६५ बर्ष उमेर समूहदेखि माथिका ५८ हजार पाँच सय १३ जनालाई कोभिड-१९ विरुद्धको खोप लगाउने कार्यक्रम रहेको स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लागाईले जानकारी दिए । आगामी फागुन २३ गतेदेखि २७ गतेसम्म पहिलो समूहमा भद्रपुर, मेचीनगर, अर्जुनधारा, बिर्तामोड, बुद्धशान्ति, बाह्रदशी, हल्दिबारी र कचनकवलका खोप केन्द्रमार्फत ३४ हजार चार सय ५६ जनालाई कोभिड-१९ विरुद्धको खोप लगाउने कार्यक्रम रहेको उनले बताए ।

त्यस्तै आगामी चैत १ देखि ५ गतेसम्म झापा, कनकाई, गौरीगञ्ज, गौरादह, दमक, कमल र शिवसताक्षीका खोपकेन्द्रहरुबाट २४ हजार ५७ जनालाई कोभिड-१९ विरुद्धको खोप लगाउने कार्यक्रम रहेको उनले बताए । कार्यक्रममा स्वास्थ्य कार्यालय झापाका प्रमुख ईश्वरीप्रसाद पौडेलले खोप अभियानको औचित्य र आवश्यकताका बारेमा जानकारी गराएका थिए । गत माघ १४ देखि २४ गतेसम्म र फागुन ५ देखि ११ गतेसम्म झापाका नौ हजार एक सय ६७ जनालाई कोभिसिल्ड खोप लगाइएको बताउँदै पौडेलले खोप लगाएकाहरुलाई सामान्य बाहेक गम्भीर समस्या नदेखिएको जानकारी दिए ।

खोप लगाउनका लागि ६० वटा खोप केन्द्र, तीन सय ५० परिचालन टिम र एक सय ५० दिन कार्यदिन तय गरिएको उनले बताए । यो चरणका लागि लक्षित खोपग्राहीका लागि आवश्यक ४३ हजार डोज खोप झापामा मौज्दात रहेको र अभियानकै क्रममा आवश्यकता अनुसारकै खोप प्राप्त हुने उनले बताए ।

बिर्तामोड नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख ओम खड्काले स्वागत गरेको कार्यक्रममा नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष गोविन्दचन्द्र क्षेत्रीले खोप कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए । कार्यक्रमको सहजीकरण स्वास्थ्य कार्यालय झापाका फोकल पर्सन जीवन चम्लागाईले गरेका थिए ।

यसैबीच फाल्गुनन्द गाउँपालिकामा कोभिड-१९ विरुद्धको खोप लगाइने भएको छ । गाउँपालिका अध्यक्ष वीरबहादुर कुरुम्बाङको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा उक्त जानकारी दिइएको हो । जिल्ला स्वास्थ्य कार्यालय पाँचथरका प्रमुख नारद सुवेदी, पब्लिक हेल्थ नर्स अनिता सुब्बा र ल्याब टेक्निसियन रमा पाण्डेसहितको टोलीले कार्यक्रमको सहजीकरण गरेको पालिका स्वास्थ्य शाखा सहसंयोजक लक्ष्मी श्रेष्ठले जानकारी दिइन् ।

६५ वर्ष उमेरमाथिका व्यक्तिलाई फागुन २३ गतेदेखि प्रत्येक वडामा २८ गतेसम्म खोप लगाइने अभियानमा पालिकाभित्र कोही असक्त, अपाङ्ग र खोप केन्द्रसम्म हिंडेर आउन नसक्ने इच्छुकलाई पालिकाले व्यवस्था मिलाउने अध्यक्ष कुरुम्बाङले बताए । खोप कार्यक्रमको व्यवस्थापन तथा महिला स्वयम्सेविका परिचालन लगायत पालिकाले व्यहोर्नुपर्ने आवश्यक पारिश्रमिक र अन्य सुविधा तोकिएको नियम अनुसार पालिकाले उपलब्ध गराउने प्रमुख प्रशासकीय अधिकृत निर्मल तुम्रोकले बताए ।

फाल्गुनन्दसहित जिल्लाको दक्षिणी गाउँपालिका मिक्लाजुङ्ग, कुम्मायक र तुम्वेवामा खोप लगाइने छ भने अन्य स्थानीयतहमा चैत २ गतेदेखि लगाइने उनले जानकारी गराए । कार्यक्रमको सञ्चालन फाक्तेप स्वास्थ्य चौकीका निमित्त इञ्चार्ज बालकृष्ण दाहालले गरेका थिए ।

# नर्वदेश्वर शिवालयमा धार्मिक अनुष्ठान



**अर्जुनधारा, फागुन २०।** अर्जुनधारा-८स्थित मुजुरेडाँगीमा रहेको नर्वदेश्वर शिवालय मन्दिरमा महाशिवरात्रीको अवसरमा विविध कार्यक्रम हुने भएको छ ।

मन्दिर व्यवस्थापन समितिद्वारा पत्रकार भेटघाटमा फागुन २७ गतेका दिन रुद्री चण्डी, पूजा, होमादी र साँझ भजनकिर्तन गर्ने कार्यक्रम रहेको अध्यक्ष भीमबहादुर घिमिरेले बताए । समितिका अध्यक्ष घिमिरेको अध्यक्षतामा आयोजित कार्यक्रममा सचिव पारसमणि गिरीले समितिको गत आर्थिक वर्ष २०७६/०७७ को असोज २० गतेदेखि चालू आर्थिक वर्ष २०७७/०७८ को फागुन १५ गतेसम्म भएको विभिन्न कार्यको आम्दानी खर्च विवरण प्रस्तुत गरेका थिए ।

गत असोजमा जिल्ला प्रशासन कार्यालय झापामा विधिवत् दर्ता भएको उक्त मन्दिरमा २०६४ सालदेखि पूजा-अर्चनाको कार्य हुँदै आएको पूर्व सचिव विजय साङपाङ राईले जानकारी दिए ।

# पत्रकारसहित चारजना सम्मानित



**बिर्तामोड, फागुन २०।** जङ्गबिर गुभाजु श्रेष्ठ प्रतिष्ठान अर्जुनधारा-११ ले पत्रकारसहित चारजनालाई सम्मान गरेको छ । संस्थाको ११औं साधारणसभामा बरिष्ठ कथाकार रिता ताम्राकार, पत्रकार हरिहर नेपाल, ज्येष्ठ नागरिक अग्निप्रसाद नेपाल र चन्दादाता मदन हुमागाईलाई कदरपत्रसहित सम्मान गरिएको हो ।

प्रतिष्ठानका अध्यक्ष बाबुराम श्रेष्ठ बर्षाको अध्यक्षता तथा पूर्वाञ्चल साहित्यक प्रतिष्ठानका अध्यक्ष प्राज्ञ विवश पोखेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रतिष्ठानका संरक्षक प्रतिनिधि सभा सदस्य बिर्खबहादुर प्रधानले स्वागत तथा कार्यक्रमको औचित्य माथि प्रकाश पारेका थिए ।

कार्यक्रममा प्रेमलाल श्रेष्ठ, ललितमान श्रेष्ठ, इन्द्र ओली, कृष्ण श्रेष्ठ, जगतबहादुर मगर, रामकुमार श्रेष्ठ, जनप्रतिनिधि लक्ष्मी राई, श्यामकुमार श्रेष्ठ, कलाकार माया पौडेल, शोभा श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

सोही साधारणसभाले श्रेष्ठको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको बताइएको छ । कार्यक्रमको सहजीकरण उपाध्यक्ष भानु श्रेष्ठले गरेका थिए ।

# वासुका विद्यार्थीलाई खेल सामग्री



**दुहागढी, फागुन २०।** मेचीनगर-१४ नं. वडा कार्यालयले झापा दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई खेलकुद सामग्री र झोला प्रदान गरेको छ ।

वडा कार्यालयले विद्यार्थी खेलाडीहरुका लागि ३५ हजार मूल्य बराबरको जर्सी र खेल सामग्री प्रदान गरेको छ । त्यसैगरी विद्यालयका प्राथमिक तहमा अध्ययनरत् ३५ जना विद्यार्थीहरुलाई पाठ्यपुस्तक बोक्ने झोला समेत प्रदान गरिएको थियो । विद्यालयमा आयोजित एक कार्यक्रमका बीच नगर परिषद् सदस्यहरु लाल महमद मियाँ र सुरेश बुढाथोकीले उक्त सामग्री हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका सदस्य मुनिलाल राजवंशी र प्रधानाध्यापक विश्व थापाले सहयोगका लागि वडा कार्यालयलाई धन्यवाद दिएका थिए ।


**ट**

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
**मो. ९८०३२५०४७२/९८०१३६४०९३**

## क्याफे बिक्रीमा

भद्रपुर रोड सूर्योदय टेलिभिजन छेउमा चालू अवस्थाको क्याफे तुरुन्त बिक्रीमा छ । इच्छुकले चाँडै सम्पर्क राख्नुहोला ।

**सम्पर्कः ९८०७९३९०९७**

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला




हिन्दी चलचित्र
**Chakra-ka-rakshak**

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)

## NESTO सुपर मार्केटमा १५ दिनमै सेल्स र ट्रली ब्वाईमा दुबई पुग्ने सुवर्ण अवसर

**कम्पनी : BAKEMART L. L. C.** **शहर : DUBAI**

पूर्व स्वीकृति मितिः २०७६/०३/१८ | चलानी नं. ६०१४१४३९ | लट नं. २२१७७९

| पद | संख्या | तलब | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|
| Helper (प्याकेजिङ्ग) | ८० | 800/- AED | छ/छ | कनिअ | ८ घण्टा २६ दिन | २ बर्ष |

**नोटः सेल्सको सेलरी 400 DHS र ट्रलीब्वाईको सेलरी 1200 DHS रहेको छ । नेपाली लाइट ड्राइभरहरुलाई UAE को CAR TAXI कम्पनीबाट मागभई आएको छ । यो भन्दा पहिला जानेले 4000DHS भन्दामाथि कमाइ गरिरहेका छन् ।**

**फाइनल अन्तरवार्ता यही फागुन २१ गते शुक्रबार बिर्तामोडमा हुँदैछ ।**

**सगुन ओभरसिज सर्भिसेज प्रा.लि.**

श्रम इजाजत नं. ३९६/०६०/०६१

पो.ब.नं. ३२३, डिल्लीबजार, कालिस्थान-३२ (फोनः ९८०८०७४५९८, ९८०३०७४४३९)

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।




**सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२**

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'




**सम्पर्कः ०२३-५५०६२०**
**९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४**

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
**राजुकुमार श्रेष्ठ**
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५




दमक सम्पर्कः
**देवी सिटौला**
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राहयता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

**महिला : १० जना उमेर : २० देखि ३० वर्ष**
**पुरुष : २० जना उमेर : २५ देखि ५० वर्ष**
**कार्यक्षेत्र : झापा जिल्लाभर**

**पर्फेक्ट सेक्युरिटी सेन्टर**
सिटी सेन्टर पूर्व देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

## कर्मचारी आवश्यकता

यस ग्रीन मार्ट प्रा. लि. लाई निम्न अनुसार कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

**पद : मार्केटिङ्ग मेनेजर**
**संख्या : केही**
**योग्यता :** S.E.E, SLC पास
**तलब : १५,०००/-**

**ग्रीन मार्ट प्रा. लि.**
बिर्तामोड : ९८६६६७२५७९, ९८२९३१८७९६
दमक : ९८१५०५७५९५, ९८०७९२५९६५

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** आम्दानीले उत्साह जगाउनेछ । व्यापारमा राम्रै फड्को मार्न सकिनेछ । आवश्यक भौतिक साधन जुट्नेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** रकम हातलागी हुनेछ तर ऋणभार बढ्न सक्छ । सरसापटमा पनि केही धन बाहिरिने देखिन्छ । लेनदेन कारोवारमा ध्यान दिंदा राम्रो होला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** श्रमको उचित मूल्यांकन भए पनि प्रतिफल हातलागी हुन समय लाग्नेछ । तापनि मिहिनेतले लक्ष्यमा पुऱ्याउनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अरूको विषयमा चासो लिंदा झमेला व्यहोर्नुपर्ला । आफ्नो कार्य अरुलाई जानकारी नगराइकन लागीपर्नु होला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** विशेष भेटघाटले काममा उत्साह बढाउला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । कीर्तिमानी काम गर्ने समय छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** सामाजिक दायित्व बढ्नेछ । भूमि, वाहन र पैतृक सम्पत्तिबाट लाभ मिल्नेछ । व्यापारमा पनि प्रशस्त फाइदा हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** परिवन्धले केही समस्या निम्त्याउन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्नेछ । ठूलो उपलब्धि प्राप्त नहुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अरूका विषयमा चासो लिंदा व्यर्थैमा झमेला आइलाग्न सक्छ । जीवनशैली व्यस्त रहे पनि कम महत्वका काममा समय दिनुपर्ला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** मेहनतले आंशिक लाभ भने दिलाउनेछ । शुभचिन्तकहरूले पनि सहयोगको तत्परता देखाउनेछन् । कसैको माया ममता मिल्ला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** गरेका कामबाट तत्काल फाइदा उठाउन मुस्किलै पर्नेछ । ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** अरूको स्वार्थका लागि उपयोग भइएला । पछि फाइदा दिने काम सम्पादन गर्न सकिनेछ ।